# प्रदेश सभा
# गण्डकी प्रदेश
# दशौं अधिवेशन
# (तेइसौँ बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७९।०३।२६ गते

प्रदेश सभाको दशौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा आइतबार दिनको १:३७ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अबको वैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनले मिति २०७९ असार २२ गते सभा समक्ष प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७९ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, यस छलफलमा उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयसंग सम्बन्धित शीर्षकहरूमा छलफल हुने व्यवहोरा अनुरोध गर्दछु ।

छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्ना भनाईहरु राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री रामशरण बस्नेतलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय रामशरण बस्नेत**

सभामुख महोदय, आज हामी छलफलकै क्रममा छौं बजेटका सन्दर्भमा र अर्थमन्त्रीज्यूले केही कुराहरु बजेटका सन्दर्भमा केही कुराहरू राख्नुभयो र बजेट संवैधानिक तरिकाले नै

आएको जिकिर गर्नुभयो । उहाँले २ वटा शब्द प्रयोग गर्नुभयो म सबभन्दा पहिले सभामुख मार्फत, म सरकारको ध्याना पूनः आकर्षण गराउन चाहन्छु । दिन सक्ने र लिन सक्ने शब्द उस्तै हुन र अहिले पनि म यो बजेट संविधान संवैधानिक रूपमा यो ठिक छैन, कानुन अनुरूप मूल्य मान्यता अनुरूप आएको छैन, असंवैधानिक तरिकाले आएको छ यो म यो जिकिर गर्छु र पुनः म यो कुरा राख्न चाहन्छु । म सभामुख मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु र म मुख्यमन्त्रीज्यू, अर्थमन्त्रीज्यू, मन्त्रीज्यूहरूलाई म सोध्न चाहन्छु । हाम्रो प्रदेशमा तपाईंहरूले बजेट बनाइरहँदा, बजेट मन्त्रालयगत अनुसार विनियोजन गरिरहँदा हाम्रो प्रदेशमा बस्ने मुसाहरहरूलाई, बोटे माझीहरूलाई, चेपाङहरूलाई, गरीव जनता र दुर्गम वस्तीहरूलाई सम्झनु भयो ? कि आफ्ना बाआमालाई, कि आफ्ना नातागोतालाई सम्झनु भयो र बजेट विनियोजन गर्नुभयो। यसले के पुष्टि गर्छ भने, यो बजेट पक्षपातपूर्ण तरिकाले विभाजन गरिएको छ । विभेदयुक्त छ र जुन बजेट यसरी विनियोजन गर्नुभएको छ, संसदलाई जवाफ चाहियो । तपाईं हामी सबैलाई थाहा छ, अस्ति भर्खरै मात्रै स्थानीय तहको निर्वाचन भयो, स्थानीय तहको निर्वाचन भइसकेपछि काठमाडौं महानगरपालिकाले एउटा बजेट ल्यायो, र्‍याप गीत गाउने मान्छे याम बुद्ध, अनिल अधिकारीको शालिक बनाउने भनेर महानगरपालिकाका मेयरले प्रस्ताव गर्नु भयो आम नागरिकले आलोचना गर्‍यो र मेयरसापले बालेन्द्र शाहले एउटा स्वतन्त्र मान्छे रूपले चुनाव जित्यो उसले आफ्नो नैतिकता देखाउदै के भन्यो भने म मेरो तलवबाट अनिल अधिकारीको शालिक बनाउछु भन्यो र आज तपाईंहरूका विषयमा पनि नैतिकताको प्रश्न उठेको छ यो रोष्टमबाट तपाईहरुले भन्नुपर्छ म मेरा बाउको अर्थात तपाईंहरूले मैले आर्जन गरेको सम्पत्तिबाट बुबाको म ट्रस बनाउछु भनेर भन्न सक्नुपर्छ, त्यो हिक्मत तपाईंहरूले गर्नुस् गर्नुहुन्न भने नैतिकताको प्रश्न उठेको छ । तपाईंले सोच्नु पर्दैन ? आज माझी बोटेले कर तिरेको छ, आज जनताले कर तिरेका छन्, त्यो कर आज जन-जीविकाको सन्दर्भमा खर्च गर्ने कि व्यक्तिगत, घरपरिवारका, नातागोताका, इष्टमित्रका नाउँमा ट्रस खोल्ने यो गम्भीर प्रश्न छैन ? तपाईंहरू कता जाँदै हुनुहुन्छ, यो गण्डकी प्रदेशलाई कता लैजान खोज्दै हुनुहुन्छ ? यो बारेमा तपाईंहरूको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । नेकपा एमाले के चाहन्छ भने, ट्रसमा परेका पैसा मन्त्रीहरूले रोष्टममा उभिएर फिर्ता गरेको घोषणा गर्नुपर्छ यो जोडदार माग हामीले गर्छौं ती बाआमाहरूलाई म सम्मान गर्न चाहन्छु । जो-जो बारेमा जे-जे बनाइने भनिएको छ त्यो म उहाँहरू प्रति सम्मान र श्रद्धा गर्न चाहन्छु ।

बजेटको सन्दर्भमा ४ वटा मन्त्रालयको छलफल आज छ, भोलि पनि होला । पर्सि पनि हामी छलफल गर्दै छौ । बजेट मैले अघि भने न्यायपूर्ण छ तपाईंहरूको वितरण न्याय तरिकाको छ जुनसुकै मन्त्रालयमा हेर्नोस् तपाईंहरू, तपाईंहरूले अन्यायपूर्ण जो पहुँचवाला छ, जसले चाकडी तपाईंहरूको गरिरहेको छ, तपाईंहरूको व्यक्तिगत स्वार्थ जसरी पूर्ति गरिरहेका छन् ति ठाउँहरुमा तपाईंहरूले बजेट नातावादका कारणले, कृपावादका कारणले विनियोजन गरिरहनु भएको छ । आज एकदम दुर्गम क्षेत्रलाई उपेक्षा गर्नुभएको छ । दलित उत्पीडित दलितका क्षेत्रहरू, वस्तीहरू उजाड वस्तीहरु त्यहाँ त्यहाँ तपाईंका बजेट पुगेका छैनन् । के यसरी हामीले कल्पना गरेको साम्यवाद, समाजवादका आधारहरू तयार हुन्छन् ? हामी त्यो दिशा तिर जान सक्छौं सक्दैनौं । त्यसो भएको कारणले तपाईहरु सच्चिनु पर्छ त्यही भएर मैले भनेको थिएँ यो सरकार गतिहीन छ, दिशाहीन छ आवश्यकताको पहिचान गर्न सक्दैन र यो बजेट आइरहँदा पनि जनताले परिवर्तनको महसुस गर्न सक्दैनन् भनेर मैले भनेको थिएँ र म अहिले पनि त्यही कुरामा म अहिले पनि तपाईंहरू त्यतैतिर उन्मुख हुँदै हुनुहुन्छ । एउटा वाडमा २५—३० करोड बजेट हाल्नुभएको छ, तपाईंहरूलाई थाहा छ कतिवटा वाड खाली छन् बजेट तपाईहरुका कुनै मन्त्रालयका नपुगेका वाडहरु हेर्नुस्त कुनै पनि मन्त्रालयका पैसा बोकेका वाड कति छन् त्यहाँका जनताले के अपराध गरेको थियो र तपाईंहरुले त्यहाँ पैसा विनियोजन गर्नु भएन ? त्यहाँका जनताले खाने पानी पाईरहेका छैनन् एकदम गरिबी छ गरीब तडपिएर बसेका छन्, संघियता आयो संघियता पछि गाउँको विकास हुन्छ भन्ने कुरा सोचेका थिए, आज एकै ठाउँमा मात्रै बजेट हाल्नुहुन्छ भने २५—३० करोड यही महानगरपालिकाको एउटा कुनै वाडमा हाल्नुपर्छ भने महानगरपालिकालाई मात्रै १० अरव चाहियो । तपाईंहरूको पूँजीगत बजेट कति हो २२ अरव न हो अनि ८४ वटा गाउँ भनेकै स्थानीय तहलाई समानुपातिक भनौं या न्यायोचित बजेट विनियोजन गर्नुभएको छ ?गर्नु भएको छैन । त्यसकारण चाहे खानेपानी होस्, चाहे अरुहरू हुन् तपाईंहरुले गरेका कृयाकलापहरु त्यो सन्तोषजनक छैन र अन्यायपूर्ण गण्डकी प्रदेशका जनतामाथि अन्यायपूर्ण काम गरिरहनु भएको छ र म तपाईंहरूलाई भन्न पनि चाहन्छु । तपाईंहरू अल्प ज्ञान भएका कारण सरकारको अल्प ज्ञान भएका कारण गण्डकी प्रदेश सरकारको जुन एउटा सोच थियो, गण्डकी प्रदेशलाई समृद्ध बनाउने यात्रामा तुषारापात लाग्यो र यसरी विकास र समृद्धी चुम्न सकिन्न । हामीले भन्यौं, २०३० सम्म खानेपानी अझ सफा नै भनिराखेका

छौं, खानेपानी पुर्याउने कुरा गरिराखेको होइन आज खानेपानीको बजेटको वितरण कसरी गर्यो मन्त्रालयले त्यो हेर्ने हो भने कुनै सम्भवना छ त्यसमा आज विपद् परेको छ, यहीं हेमजामा गण्डकी प्रदेश सरकार पुग्दैन, त्यहाँ ठूलो क्षति र विपद् परेको छ, त्यही पालुङटारमा त्यहाँ क्षतविक्षत स्थिति छ, राहत पाइरहेका छन् मान्छेले ? तपाईंहरू मन्त्रालयमा बस्नुभएको छ, मैले एकदिन भनें अलि पूर्वाग्राही तरिकाले भन्यो कि जस्तो पनि लाग्छ तपाईंहरूलाई । तपाईंहरुलाई त सकारात्मक रुपमा सल्लाह र सुझाव दिएको, तपाईंहरु सच्चिनुहोस् । आज तपाईंहरूको पद र प्रतिष्ठा एकदम राम्रो बनाउनुहोस्, तपाईंहरूलाई हेर्ने वित्तिकै जनताले वाह वाह मन्त्री, कति राम्रो मन्त्री हाम्रो हित गरेको थियो भन्ने बनाउनका निम्ति यी अभिव्यक्ति हुन हाम्रा, तर तपाईंहरू पूर्वाग्राही भएर कुरो उठायो यो वेइमानी रहेछ यतातिर झन त्यसको निर्वाचन क्षेत्र त जिरै बनाउनु पर्छ । अब यस्तो सोचले यस्तो चिन्तनले तपाईंहरूका यस्ता प्रवृत्तिले गण्डकी प्रदेशको रूपान्तरण परिवर्तन सम्भव छैन र म भन्न पनि चाहन्छु, आज तपाईंहरूलाई नीति कार्यक्रम ल्याउँदा झिल्के मजुर भनेको थियो, त्यो याद छ नि तपाईंहरूलाई । आज तपाईंहरू यहाँ सम्म आइसक्दा वास्तविक चरित्र छर्लङ्ग भएको छ । दुर्गम क्षेत्रको प्रतिनिधित्व गर्दै हुनुहुन्छ कि सुगमको गरीव जनताको गर्दै हुनुहुन्छ कि धनि जनताको जनजीविकाका सवालमा काम गरिरहनु भएको छ कि, त्यो झन् कष्टकर बनाउनका निम्ति तपाईंको उपस्थिति छ त्यो भएको कारणले म तपाईंहरूलाई भन्न चाहन्छु, ल्याउनुभयो । अघि माननीयज्यूहरूले पनि भन्नुभएको छ, राम्रा राम्रा कुराहरू ल्याउनुभएको छ, स्कूलमा नर्स सबैमा टन्नै होलान् धेरै दिदीबहिनीहरूले अवसर पाउलान् भनिएको थियो । एक वाड एक कृषि प्राविधिकको कुरा गर्नुभएको थियो । मिठो कुरा गरेर यो सरकार मिठो कुरा गर्ने आउटपुट नल्याउने, केही पनि नगर्ने, सून्यता मै रमाइरहने, सून्यता मै बसिरहने, परिवर्तन रूपान्तरण भन्ने कुरा बोलेर हुने कुरा होइन, व्यवहारमा देखाउन सक्नु पर्छ । व्यवहारमा देखाउन नसक्ने गरी तपाईंहरू, मलाई त एउटा साथीले भन्दै हुनुहुन्थ्यो, म राम्रोसँग अघि नै माननीयज्यूहरुले आँखा देख्दैन भन्नु भएको थियो । हामी पनि अब ६० नजिक पुग्न लागियो आँखाले अलिकति मेसो पाउँदैन बहुमत भनेको कति म त ७०—७५ हजार तिर पो वितरण भइराखेको छ रे पैसा के का निम्ति हामीले भनेको होइन, १ निर्वाचन क्षेत्र एउटा सकौं दोस्रो टेण्डर गरौ, जनताले ठूलो राहत पाउँछ भन्ने कुरा हामीले गरेको होइन, योजनाहरु सम्पन्न गरौं जनताले राहत पाउँछन् । नयाँ योजना थालौं हामीले भनेको

होइन उपयुक्त (माननीय सभामुख - माननीय सदस्य समय सकियो) सल्लाह दिँदादिँदै पनि जुन सरकार जसरी आइरहेको छ यो तपाईंहरूले विनियोजन गरेका बजेटहरू कुनै पनि मन्त्रालयका कुनै पनि शीर्षकमा परिवर्तन, रूपान्तरण र जनताका सेवा र सुविधा उनीहरूले पाउँछन् भन्ने हेतुले बजेट विनियोजन गर्नु भएको छैन र म यो बजेटको अब निन्दा भनौं, दुःख व्यक्त भनौं, तपाईंहरूले गरेका कृयाकलापलाई सम्मान गर्न नसकिने खालको भएको कुरा म जानकारी गराउँदै आफ्नो भनाई टुंग्याउछु । हस् धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय सदस्य श्री सरीता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यस पछि माननीय सदस्य श्री विनोद के. सी. ।

## माननीय सरीता गुरुङ

माननीय सभामुखज्यू, आज आर्थक वर्ष २०७९/८० को बजेट वक्तव्य पछिको यहाँ हामी विभिन्न चरणमा छलफल गरियो, त्यसैमा मैले आज यो विभिन्न ४ वटा मन्त्रालय सम्बन्धी केही कुराहरू भन्न गइराखेको छु । विशेष गरी यसमा ४ वटा मन्त्रालयहरू आन्तरिक मामिला मन्त्रालय, वन तथा वातावरण भूसंरक्षण मन्त्रालय, कानुन सञ्चार तथा प्रदेश सभा मन्त्रालय लगायत ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको बारेमा आफ्नो विचार राख्न गइराखेको छु ।

माननीय सभामुखज्यू, आज यो मन्त्रालयमा सबैले यस सम्बन्धी विभिन्न विचारहरू राख्नुभयो । मलाई लाग्छ यो कार्यसूचीमा ४ वटा मन्त्रालयको नाम सहित खुलाएको छ। आज हामी सम्बन्धित मन्त्रालयको बारेमा छलफल गर्दैछौं, तर आज हामी माननीय विद्वान माननीयज्यूहरूले सम्बन्धित मन्त्रालय भन्दा बाहिर गएर आ–आफ्ना विचारहरू राख्नुभएको छ । हामी सबैलाई थाहा भएको कुरा हो । लोकतन्त्रको सुन्दर पक्ष भनेको प्रतिपक्ष हो । सत्तापक्षको सरकार, प्रतिपक्षको सदन हो त्यसैले यहाँले आफ्नो सुझाव दिनु असाध्यै राम्रो सुन माथि सुगन्ध थप्नु भन्ने कुरा म आफूले लिएको छु र विशेष गरी विभिन्न पुस्तकहरू पढ्दै यो सेतो पुस्तक, रातो किताव र अर्को सानो हेर्दै जाँदा खेरी यो गण्डकी प्रदेशको सम्भावनाहरूलाई, आवश्यकताहरूलाई नै अध्ययन गरेर यो एकआपसमा यसलाई सम्बन्ध कायम गर्दै यसमा प्रकाशित गरेको छ । यसमा सबैकुरा सबैलाई चित्त बुझ्छ

भन्ने म आफूलाई पनि लाग्दैन तैपनि यहाँले जति जे भन्नुभएको छ त्यति त कदापि होइन है भन्ने मलाई लागिराखेको छ । केही त अब एउटा प्रतिपक्षले सुझाव दिनुपर्छ त्यसमा म मान्छु र यहाँहरुको सदन हो, प्रतिपक्षको सदन हो । सदनमा आफ्नो कुराहरु राख्न सदनमै हो प्रतिपक्षले आफ्नो कुराहरु राख्ने र आफ्नो विचार राख्ने, आफ्नो भनाईहरू राख्ने र सत्तापक्षलाई सुझाव दिने, तैपनि मलाई कता कता के लागिराखेको छ भने कुनै एउटा सर्वदलिय आमसभामा बसेर एउटा मञ्चबाट कुर्लेको जस्तो लागिराखेको छ, किनभने यो समयको परिधि छैन, यहाँ विषयवस्तु शिर्षकको परिधि छैन, ज—जसले जे जे मन लागेको छ जति जति मनमा जे जे आउँछ त्यही कुरा बोलेको जस्तो मलाई महशुस भैराखेको छ तर ज-जसले जे जे पनि लोकतन्त्रमा बोल्न पाइन्छ त्यसैले मेरो मात्रै मेरो बिचार राखेको तर मैलै यहाँ हजुरहरूलाई कुनै सुझाव र मेरो सल्लाह दिन खोजिराखेको होइन किनभने म सरकार पक्षको सांसद हुँ तर म क्याविनेट सरकारको मन्त्री होइन । यसमा मैले भन्न खोज्दा खेरी आन्तरिक मामिला मन्त्रालय प्रदेशमा भर्खरै गठन भएको तैपनि वर्षदिन नपुग्दा पनि यहाँ गत वर्षदेखि धेरै अविरल वर्षा भएको छ, बाढीपहिरो छ, नेपालको बाटोको अवस्थाले गर्दा दुर्घटनाहरू दिनहुँ भइरहेको छ मलाई लाग्छ त्यो दुर्घटनामा आफ्नो हैसियत र क्षमता अनुसार चाहे त्यो सडक दुर्घटना होस्, चाहे त्यो विपदमा पर्दा होस चाहे त्यो शान्ति सुरक्षाको कुरा होस्, जति हामीले चाहेर जनतालाई आवश्यकता परेको जति मन्त्रालयले सरकारले संवोधन गर्न नसके पनि केही हदसम्म मैले त्यो भएको छ र एउटा सुरुवात भएको छ भन्ने म आफूले बुझेको छु र त्यो संगसंगै खानेपानी जल उर्जा तथा जलस्रोत खानेपानी मन्त्रालयम यो मैले यी ४ वटा मन्त्रालयहरुमा अलि ठूलो बजेट चलाउने र विकासको पूर्वाधारहरुको काम संचालन गर्ने मन्त्रालय हो भन्ने मैले बुझेको छु । त्यो मन्त्रालयले जहाँ जहाँ विद्युत पुग्न सकेको छैन त्यहाँ वैकल्पिक ऊर्जा चाहे त्यो सोलारबाट होस्, चाहे त्यो सानो पानीघट्टबाट होस् चाहे त्यो सानो गाउँको स्रोतबाट सामुदायिक विद्युतबाट त्यसले काम गर्ने हुन्छ । त्यसमा अहिले यो धेरै वर्षा भएको कारणले गर्दाखेरी गाउँमा त्यो सामुदायिक विद्युतको पोलहरू ढल्ने र त्यसको मर्मत सम्भार जति पुग्नु पर्ने हो त्यो पुगेको छैन सायद त्यो वाध्यता होला म आफूले देखिरहेको छु । अनि लिफ्ट खाने पानीमा लिफ्टिङ पानीबाट पानी तानेर खाने पाइपहरू बगाएको छ, चटयाङले सोलार पावरहरु खाएको छ, बत्तीको ट्रान्समिटरहरु खाएको छ त्यसमा हुँदै नभएको होइन तर त्यसमा अलिकति बढी ध्यान पुर्याउनु पर्छ

मन्त्रालयले जस्तो मलाई लागिरहेको छ । अर्को अब मन्त्रालयले काम गर्दा हामीले जहाँ पानीको स्रोत छैन त्यहाँ एउटा लिफ्ट बैकल्पिक उपायबाट पानी खाने गरेको जनता भएको कारणले गर्दाखेरी मलाई लाग्छ जो जनता गाउँमा बसेको छ त्यहाँ विकट छ, जहाँ विकट छ त्यहाँ गरिव छ, त्यो भएको कारणले गर्दाखेरी त्यहाँ विद्युतको शुल्क तिर्न पनि गाह्रो भएको छ मलाई लाग्छ । हाम्रो नीति कार्यक्रममा भएको पक्कै पनि आगामी दिनमा कार्यान्वयन हुनेछ भन्ने पनि मलाई विश्वास छ यो कुरामा माननीय मन्त्रीज्यूलाई पनि अनुरोध अनुरोध गर्न चाहन्छु । अर्को कानुन मन्त्रालयमा म आफूले पनि एउटा कार्यकालमा दुई वटा कुरा बुझ्ने अवसर मिलेको छ । पहिला म आस्था विकास समितिमा थिएँ त्यसपछि म विधान समितिमा म आफै गइसकेपछि धेरै विधानहरु बनिसकेको छ र त्यो विधान कति कार्यान्वयन भयो कति भएनन् भन्ने कुराहरु आफ्नै ठाउँमा छ । मलाई लाग्छ त्यो हुँदै नभएको त होइन, किनभने प्रदेश लोकसेवा आयोगको कुराहरू कार्यान्वयन भएको छ । आगामी दिनहरूमा अझ बढी हुनेछ र यो सूचना सञ्चार भन्ने कुरा हामी सूचनाको हक हाम्रो अधिकार भन्नेछ । सबैले सूचनाको सबै जनताको सूचनामा पहुँच पुग्नुपर्छ त्यसैले यो सञ्चार सूचनालाई पनि हामीले तत्काल कार्यान्वयन गर्नपर्छ र कानुन मन्त्रालयले हामीले करिव ५० भन्दा माथि विधेयकहरु पास गरिसकेको बनाइसकेको छ, कानुन बनाइसकेको कारणले गर्दा यसलाई छिटो कार्यान्वयनमा ल्याउनु पर्छ । मलाई के लाग्यो भने किनभने समितिमा गइसकेपछि विधेयकहरुको बारेमा छलफल गर्ने र यहाँ ल्याएर विधेयकहरु पास हुने पास भईसकेपछि त अब यो पक्कै पनि कार्यान्वयन हुन्छ होला भनेर सोचेको थिएँ, सोचेको जति कार्यान्वयन हुन सकिराखेको छैन, तर त्यो कार्यान्वयन हुँदै नभएको होइन । जति हामीले ५६—५६ वटा विधेयकहरु बनाइसकेको छ र त्यसलाई कार्यान्वयन गर्नुपर्छ भन्ने मलाई लागिराखेको छ र अर्को कुरा मलाई के लाग्यो भने यो वन वातावरण तथा भूसंरक्षण मन्त्रालय भन्ने अब यो विगत २ वर्ष देखि अहिले सम्म सायद ३ वर्ष लाग्छ, भयो, ठूलो अविरल वर्षाहरु आएको थियो । परारको वर्षमा के भन्यो भने यो सय वर्षमा आएको हो अब यस्तो वर्षा हुन्न भनेर हामीलाई विज्ञहरूले भन्नुभएको थियो । त्यति भन्दाभन्दै गत वर्ष पनि आयो, फेरी अहिले पनि आएको छ तर त्यो गत २ वर्ष पहिला भएको कुरालाई पनि हामीले पूरा गर्न सकिराखेको छैन । चाहे त्यो तटवन्धनको कुरा होस्, चाहे संरक्षणको कुरा होस् यो भएको कारणले गर्दाखेरी अब यो कहिले हुन्छ, कसरी हुन्छ र आफू सत्तापक्षकै हुँदाखेरी माग पनि गरेकै

थियो तर त्यो कत्ति पनि हामीहरुको मागमा एउटा पनि सम्बोधन भएको छैन । त्यहाँ पार्कको कुराहरु छ, सामुदायिक वनको कुरा छ, पोखरीको कुराहरु छ त्यसैले मैले नबुझेको मैले साँच्चैनै र नबुझेको कुरा मलाई सोध्न मन लागेको यो वन भूसंरक्षण यो मन्त्रालयले के गर्ने हो त यसलाई कहिले कार्यान्वयन गर्ने हो त्यसको बजेट शीर्षक धेरथोर देखिराखेको छ त्यो भएको कारणले गर्दाखेरी यी कुराहरूलाई हामीले बढी ध्यानमा राख्नु पर्ने हुन्छ । मैले के सोचिरहेकी छु भने मैले त्यहाँ बसेर आज यो दोस्रो सेसनमा पनि प्रतिपक्षको विद्वान माननीय सदस्यज्यूहरुले ति कुराहरु राख्नुभयो । फेरी सत्तापक्षको भनाई प्रतिपक्षले भन्दै जान्छ, काम गर्दै जानुपर्छ भन्ने त्यो सोच राख्नु हुँदैन । कतिपय कुराहरू हामी आफूले आफ्नो कमीकमजोरीलाई त्यो साँच्चै नै भनेको कुरा हो, त्यसलाई यो रियल कुरा हो यसलाई हामीले आफूले पनि चिन्तन मनन महसुस गर्नु पर्छ भन्ने म मन्त्रीज्यूहरूलाई, सरकारलाई अनुरोध गर्दछु । अरु त अब धेरैले धेरै कुराहरु भनिसक्नुभयो, मलाई त्यो अन्य कुराहरुसित दोहोर्याउन चाहन्न । गलतलाई गलत नै हो राम्रोलाई राम्रै भन्नपर्छ, तर प्रतिपक्षमा बस्दा सबै कुरा गलत हुन्छ भनेर सोच गर्दा हेर्दा अलिकति हाम्रो बानी व्यवहारमा पनि नकारात्मक सोच हुन्छ भन्ने मलाई लाग्छ । किनभने हजुरहरू जत्तिको विद्वान मान्छेहरूले हजुरहरु जति सरकारमा बसिसक्नु भएको, त्यो भन्दा बढी पीडा हामीले व्यहोरेका थियौं । अहिले त गठवन्धन भएको कारणले गर्दा सबैको भावनालाई समेट्नु पर्ने, कसैको भवनामा चोट नलागोस् भन्ने हुने, हामी त अहिले कराउने यो बजेट महिलालाई होस् भने पनि त्यत्तिकै छ, चैतदेखि योजना माग गर्ने हात लाग्यो जिरो हुने भएको कारणले गर्दाखेरी अहिले त गठवन्धनको भएपछि त धेरथोर सबैको विचार राख्दाखेरी अलिकति सबैलाई न्यायोचित भयो कि जस्तो मलाई लागेको छ त्यो भएको कारणले गर्दाखेरी यो मलाई त्यो अब अरु कुराहरू यहाँले भन्नुभयो कति कुराहरू आफ्नो पहुँच हुँदामा सबै कुरा गर्न हुन्छ भन्ने छैन । ति कुराहरुमा म आफैले पनि मनन गर्नेछु । आगामी दिनहरुमा हामी माननीयहरूले पनि यो कुराहरुलाई पक्कै पनि मनन गर्ने र म आफैले पनि मनन गर्नेछु भन्दै मेरो र मेरो दलको यसमा समर्थन रहेको माननीय सभामुख मार्फत जानकारी अनुरोध गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु । त्यस पछि माननीय सदस्य श्री विकास लम्साल ।

## माननीय विनोद के.सी.

माननीय सभामुख महोदय, हामी यो २०७९/८० को आर्थक वर्षको विकास बजेटमा हामी छलफलमा छौं र यो छलफलको शुभारम्भ हामीलाई कुनै मन्त्रालयमा रहेर मन्त्रालयको नामाकरणमा यहाँ छलफलको वातावरण बनाइएको छ । तथापि यहाँ जति कुराहरू गर्दैगर्दा हामी यो अन्तिम वर्षको वर्षको समयमा हाम्रो प्रदेश सरकारको कार्यकालको अन्तिम वर्षको हामी समीक्षा सहितमा छौं । यहाँ भन्दै गर्दा धेरै माननीयज्यूहरु म सम्झन्छु अघिल्लो चोटी हामी हामी पहिलो वर्षको नीति कार्यक्रम पछि बजेट आउँदा पनि समोेशिता खालको समानुपातिक बजेट भएन भनेर कसैले गीत गाउनु परेको थियो, कसैले कुनै तरिकाले पर्याप्त गर्नु परेको थियो र अहिले अन्तिम वर्ष आउँदै गर्दा पनि त्यसैलाई निरन्तरता जस्तो, समावेशी खालको बजेट समानुपातिक ३६ सैं निर्वाचनमा पुग्ने खालको बजेट नभएको कुरामा म आफूले पनि अनुभूति गरेको छु र यो अनुभूति गर्ने कुराहरुमा यो कसरी भएको होला त भन्दै गर्दा नै कतै मैले यसो गर्दैगर्दा यो पनि फेरी राजनीतिक कारण नै हो भन्ने मलाई लाग्छ, किनभने हेर्यो भने हामी ३६ वटा निर्वाचन क्षेत्रमा हेर्यो भने राजनीतिक तहबाट हामी निर्वाचन प्रणालीमा आउँदाखेरी ३६ वटामा त स्वभाविकै एक ठाउँमा आउने भइयो तथापि कुनै ठाउँमा धेरै माननननीयज्यूहरू त्यहाँ उपस्थिति रहने हरुले निर्वाचन क्षेत्रमा एउटै जिल्लामा ८,९,१०,१२ वटा माननीयज्यूहरू हुने त्यही माननीयज्यूहरू प्रभावमा, शक्तिमा रहेर फेरी त्यही माननीयज्यूहरू सत्ता अथवा सरकारमा नेतृत्व गर्ने र सत्ता सरकारको नेतृत्व गरिसकेपछि फेरी आफ्ना कार्यक्रमहरूलाई त्यो ठाउँमा समावेश गर्दै गर्दा, कुनै ठाउँमा थोरै माननीयहरू एउटै क्षेत्रमा माननीयहरु जहाँ समानुपातिकमा पर्न सके न कुनै भुगोलमा पर्न सकेको छैन । यी विविध कारणले गर्दा एउटा खालको बजेटमा समावेशी खालको बजेट नदेखिएको कुराहरुमा केही सरकारले अहिलेको सरकारले पनि विगतकै सरकारले जस्तो निरन्तरता आएको मैले अनुभूति गरेको छु । यो कुरा गर्दैगर्दा अहिले देशैभरि अथवा गण्डकी प्रदेशभरि नै सबै हामी माननीयज्यूहरू, सरकारहरू प्रति प्रश्नहरु आइरहेको छ । हामीहरू प्रति प्रश्न आइराखेको छ । विभिन्न जनताका आवश्यकता भन्दा अति

आवश्यकता भन्दा आवश्यकता पुरालाई बजेटिङ बढी भयो, ति कुराहरूमा सरकारको ध्यान गएन भन्ने कुराहरू पनि रहेछ । त्यसैमा रहेर अघि धेरै माननीयहरूले संघीयता प्रति नै धेरै प्रश्न उठाउनुभयो यो संघीय प्रणाली पनि जनताहरूले गाली गरिरहेका छन् भन्ने आईराखेको छ । मैले एउटा सियोर मैले सुनेको थिए त्यो मलाई याद आयो, धुल मेरे चेहेरेमे था मगर मे वर्षौंसे ऐना साफ कर्ता रहा भनेको मलाई याद आयो । समस्या हामी एकतिर छ, एउटा चिजमा छ तर हामी अर्को चिजको व्याख्या गरिराखेका छौं, अर्को कुरालाई हामी निकालिरहेका छौं, हामीले आफ्नो चिजलाई कार्यान्वयन गर्न र हामीले आफूले पाएको अधिकारलाई समावेसिता तरिकाले सहभागिता तरिकाले विकासको रूपमा अगाडि बढ्न सकिराखेका छैनौ, तर त्यसको स्वरूप हामी संघीयतालाई दिइराखेका छौं, त्यसको रूप यो हाम्रो अहिलेको व्यवस्थालाई दिइराखेका छौ । त्यसको असक्षमता उही कालिदास आफू रुखको टुप्पोतिर बसेर फेदतिर रुख काटेको जस्तो । हिजो अहिले हामी प्रतिपक्षमा भाएका माननीयज्यूहरुले पनि सरकार चलायौं र अहिले सत्तापक्षमा रहने माननीयज्यूहरुले पनि सरकार चलायो । यसो गर्दैगर्दा हामीले हेरेका छौ आफूलाई पर्ने बेलामा आफ्नो कुरा राख्ने बेलामा आफ्नो निर्णय गर्ने, आफू न्यायाधीश बन्ने, अर्काको कुरा राख्नु पर्यो अर्काको कुरामा वकिल बन्ने जुन परिपाटी छ यसले हामी सबैलाई त्यो ठाउँमा पुर्याउँदैन । सत्य कुरा गर्दैगर्दा त्यो सत्य कुराकै अगाडि उभियौं । यो बजेटको विकासलाई फेरी समानुपातिक तारिकाले नै वितरण गर्ने कुरामा माननीय मन्त्रीहरूको ध्यान जाओस् भन्ने मेरो एउटा इच्छा व्यक्त गर्न चाहें । विशेषगरी यो म्यादीमा रहेको धेरै मन्त्रालय भरिमा मैले बारम्बार उठाउने गरेको यो भूसंरक्षण तथा यो वन कार्यालय छ, यो भूसंरक्षण कार्यालय यो गण्डकी प्रदेशको रहेता पनि प्रत्येक जिल्लामा कार्यालय नहुने सबै भन्दा गण्डकी प्रदेशको ११ जिल्लामा सबैभन्दा बाढीपहिरो बढी क्षतिग्रस्त जिल्ला मध्येको एक म्याग्दी जिल्ला पनि हो । त्यहाँ त्यो जुन कार्यालयमा हामी गएर कुरा राख्ने बेलामा त्यहाँ कार्यालय पनि छैन, त्यो कार्यालयबाट गयो भने एउटा प्रतिनिधिलाई भेटेर एउटा दुइवटा जाली पनि दिन सक्ने अवस्था छैन । त्यसले ठूलो क्षति म्याग्दी जिल्लामा परिराख्यो उसले बारम्बार अघिल्लो सरकारहरुलाई मैले त्यो ठाउँमा तत्काल बरु अरु कार्यालय नभए पनि बन कार्यालय यो त्यहाँ त्यो रहोस भनेर मैले अनुरोध गरेको थिए । यसपाली पनि यो कार्यालय अझै स्थापना भएको छैन त्यहाँ सरकारको ध्यान जाओस् र यो भूसंरक्षण कार्यक्रमहरू अगाडि बढोस् भन्ने म चाहन्छु र त्यसैगरी यो कतिपय विकासको कुराहरु

गर्ने यो वहूवर्षिय कार्यक्रमहरु हेर्ने कुरामा प्रत्येक वर्ष ठूलो ठूलो रकम गएजस्तो देखिने तर कार्यान्वयन नभएर त्यो ठूलठुलो बजेटहरु फेरी फ्रिज हुने र फेरी सरकारले फेरी बजेटमै ल्याउने यसो हेर्दैगर्दा खेरी कार्यक्रम दिए जस्तो गर्ने, अनि सरकारले आनाकानिले अनि सराकारले त्यति धेरै इच्छा शक्ति नदेखाएका कारणले, अथवा क्रियाशील नदेखाएका कारणले त्यो कार्यालयले कार्यान्वयन नगरेका कारणले अथवा निर्माण व्यवसायीले उचित काम नगरेका कारणले फेरी त्यो बजेट फर्केर फेरी बजेटकै रुपमा गएको प्रत्येक वर्ष हामीले देखिराखेकै छौं । विकासको कुरा गर्ने बेलामा त्यहाँ केही नगर्ने, तर त्यही वर्ष फर्कीदै फेरी बजेटमा जाने परिस्थिति बनेको छ । म सरकारलाई के अनुरोध गर्दछु भने, प्रत्येक वर्षको विकास बजेटहरूमा हामीलाई ६०—७० प्रतिशत भनेर हामी विकासमा बजेट खर्च गर्न सकिराखेका छैनौं । कि बजेटलाई कार्यान्वयन गर्ने दिशामा परेका बजेटहरुलाई तल कार्यान्वयन गर्ने निर्माण व्यवसायिले काम गर्न सकेन कि अथवा कार्यालय काम गर्न सकेन कि अथवा मन्त्रालयले काम गर्ने कुरामा त्यति चासो देखाएन कि यी विषयहरू मध्ये सम्बन्धित मन्त्रालयहरूमा सरकारको गम्भीर ध्यानाकर्षण होस् । यस्ता ठूला ठूला कार्यक्रम, १ घर १ खानेपानी अथवा निर्वाचन क्षेत्रहरु, उज्यालो प्रदेश यी महत्वपूर्ण कार्यक्रममा बजेट परे पनि ती कार्यान्वयन हुन नसकेका छन् । त्यसलाई विशेष कार्यान्वयनको चरणमा अगाडि बढाओस् भन्ने म सरकारलाई अनुरोध गर्न चाहन्छु र विशेष गरी म्याग्दीको क्षेत्र नम्बर २ मा रहेको म्याग्दीको एउटा भनाई पनि छ टुपी भन्दा माथि ठाउँ छैन बुर्जा भन्दा माथि गाउँ छैन भन्ने हाम्रो म्याग्दीको एकदम दुर्गम बस्ति छ जहाँ हिमालको मुनि छ, त्यो बस्तीमा अझै पनि एउटा गाडी पुग्न सकिराखेको छैन । त्यहाँका स्थानीय जनताहरू अझै पनि त्यो गाडी देख्दा पनि उनीहरुलाई ठूलो कुरा लाग्ने अवस्था छ । त्यो ठाउँमा अहिले सरकारको यसो बजेट जम्मा १० लाख रूपैयाँ त्यहाँ विनियोजित गरेको देखें । मलाई लाग्छ केही नभए पनि डेढ दुई करोड विनियोजन गरियो भने त्यसले कमसे कम त्यो गाउँमा बाटो पुग्न सक्ने । अहिले त्यहाँका जनताले आफै तपाईं हेलिकप्टर मार्फत डोजर लगेर बाटो खन्ने काम गरिराखेका छन् । त्यसमा प्रदेश सरकारले राम्रोसँग सपोर्ट गर्ने हो, राम्रोसँग गर्ने एक डेढ करोड त्यहाँ हालिदिनुहोस् तत्काल बाटो जान सक्ने स्थिति छ । यी महत्वपूर्ण ठाउँहरूमा सरकारको उचित ध्यान जाओस् र सरकारले त्यस विषयमा बजेट विनियोजन होस् भन्ने म पनि शुभेच्छा व्यक्त गर्दै अन्तमा जुन खालको यो नीति कार्यक्रम मार्फत विभिन्न चरणमा बजेट आएको छ । यी

बजेट कार्यान्वयन गर्ने सन्दर्भमा धेरै सान सानो टुक्रे बजेटहरुले कार्यालय, मान्त्रालयमा काम गर्न असजिलो मैले देखिराखेको छु । यसमा राम्रो गृहकार्य र राम्रो एउटा नीति बनाएर, राम्रोसँग सरकारले यो अहिले परेका बजेटहरु कार्यान्वयन गरोस् भन्ने शुभेच्छा सहित यो बजेट माथि मेरो र मेरो दलको समर्थन रहेको जानकारी गराउँदै भनाई अन्त्य गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विकास लम्साल

माननीय सभामुख महोदय, वार्षिक विकास कार्यक्रममाथिको यो छलफलमा अब हाम्रो दलको प्रमुख सचेतकले पूर्वमन्त्रीले, माननीय सदस्यले राखिसक्नु भएको छ म ति कुराहरु दोहोर्याउन चाहन्न । विशेष गरी अब यो सरकारले मध्यमकालिन खर्च संरचनाको पुस्तक सार्वजनिक गरेर यो छलफल चलाउनु पर्थ्यो । पुस्तक आयो, यो पुस्तक आएपछि लगेर हेरें मैले मसिनो गरी म एउटा मेनेजिङको विद्यार्थी भएको नाताले पनि र संविधान सभामा र माथिल्लो संसदमा पनि भएको नाताले यसलाई मसिनो गरेर हेर्दाखेरी यो त्रिवर्षिय प्रक्षेपण जुन मध्यमकालिन संरचनामा गरिएको छ । यसमा अब जुनसुकै कुरालाई हेर्नुभयो भने पनि अब हामीले दीगो विकासका लक्ष्यहरू प्राप्ति गर्ने, २०३० सम्ममा हामीले दिगो विकासलाई एचिभ गर्ने भनेर जुन एउटा लक्ष्य निर्धारण गरेका छौं, विगतमा झै हामीले त्यो प्राप्त गर्न सक्यौं र गण्डकी प्रदेश सरकारले विगतमा, म एउटा अब विभिन्न यो दिगो विकासमा धेरै कुराहरु छन् म एउटा सडकको मात्रै एउटा उदाहरण दिन चाहन्छु । हामीले विगतमा एउटा प्रस्ताव गर्यौं, २१० किलोमिटर सडक बनाएछौं । यस वर्ष पनि सरकारले २१० कि.मि. सडक बनाउने लक्ष्य राखेको छ, तर आर्थिक वार्षिक पुस्तकमा हेर्नुभयो भने धेरै बजेटहरू तपाई आमा समूहका भवनहरू, सानो सानो माग गरेका निवेदनहरू र विभिन्न चर्चा भइसक्यो तिनमा धेरै चर्चा नगरौं । त्यसबाट तपाईंले कसरी २१० किलोमिटर सडक बन्न सक्छ ? एक त विगतको भन्दा अहिले महंगी पनि बढेको छ, टेण्डर पनि हिजोको भन्दा महंगो होला, अब तपाईंले यसमा ठिक छ २१० किलोमिटर गराउन सक्नुहुन्न भने यसमा तपाईले १५० किलोमिटर राखेको भए हुन्थ्यो नि त ।

त्यो ५० किलोमिटर को पैसा तपाईंले यता लिएर आएर, छिरोलेर तपाईंले आमा समूहलाई दिन सक्नुहुन्थ्यो त्यो सरकारको अधिकार हो । यता तपाईले लक्ष्य एचिभ गर्ने कुरा पनि गर्नुभएको छ, यतातिर बजेटलाई छिरलेर पनि लानुभएको छ । यो हरेक हिसावले तपाईंले ल्याएको बजेट समय सान्दर्भिक र यो एउटा दीर्घकालिन लक्ष्यमा पुग्ने हिसावले देखिदैन । अब यो जे भने पनि ठिकै छ, यो सरकारको हो अब प्रतिपक्षले भने पनि अब यसको त अब भोलि यसको समीक्षा त कहिले हुन्छ भने यो वार्षिक कार्यक्रमको रिजल्ट आउने बेलामा बल्ल यसको समीक्षा हुन्छ । यो कुनै पनि हिसावले तपाईंका डकुमेण्टहरूले त्यो कुरालाई पुस्ट्याईं गर्न सक्दैन र अर्को अब वार्षिक विकास कार्यक्रममा तपाईंले यो बजेट बनाउँदाखेरी, तपाईंले कसरी बजेट बनाउनु भएको छ हामी पनि हिजो मन्त्रालय चलाएर ४० महिना तपाईंहरूले एउटा महसुस गर्दिनुस् हिजो यही हामी नै सरकारमा हुँदाखेरी गण्डकी प्रदेशको सरकार देशका ७ वटा प्रदेशका सरकारहरूमा सबैभन्दा संघ सरकारसँग आँखा जुधाएर कुरा गर्न सक्ने, संघ सरकारसँग ठाडो शिर बनाएर कुरा गर्न सक्ने र संघीयतालाई कार्यान्वयन गर्न सक्ने भनेर स्थापित भएको सरकार हो नि त । तपाईंहरू पनि यो सरकारमा साविक हुनुहुन्थ्यो, तपाईंहरू पनि सांसद हुनुहुन्थ्यो । यो संसदमा हामीले कति हामीले गरेका कुराहरूले देशभरि गण्डकी प्रदेश सरकारको कतिवटा उच्च शिर थियो । आज ७ प्रदेशमा सबैभन्दा कमजोर गण्डकी प्रदेश सरकार बन्नु पर्ने स्थिति किन सिर्जना भयो ? यो किन सिर्जना भयो हाम्रै व्यवहारहरुले त्यो भएन? हामीले जे कुराहरु गरिरहेका छौं तपाईंले बजेट बनाउँदाखेरी टप टु बटम गर्नु भयो कि बटम टु टप गर्नुभयो ? तपाईले हाम्रा मन्त्रालयहरूका संरचनाहरू जिल्ला जिल्लामा छन् । तिनलाई तल तपाईंलाई यदि बजेटै हाल्नु मन थियो भने माननीय सदस्यहरूलाई सरकारले भन्न सक्थ्यो, तपाईं जिल्लामा जानुहोस् कार्यालय छ, त्यहाँबाट तपाईं त्यो माग ल्याउनुहोस् त्यहाँ जाँदाखेरी जिल्लामा के हुन्थ्यो भने त्यही माननीयको र कार्यालय प्रमुखको छलफल हुन्थ्यो, त्यो कारणले योजना लैजादाखेरी कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरा हुन्थ्यो । अब अहिले के देखिएको छ भने मन्त्रालयमा आएको छ, मन्त्रीलाई एउटा निवेदन दिएको छ, ५—६ वटा ल्याएको छ, एउटामा राईट लाउनुहोस् न भनेको छ, त्यही तपाईहरुको पालिकाको प्रमुख आएर पनि त्यही योजना टिपाको छ, तपाईंको पार्टीको कार्यकर्ता आएर पनि त्यही टिपाको छ, तपाईंको नातेदार आएर पनि त्यही टिपाको छ । यो वार्षिक कार्यक्रममा एउटै योजनाका तीनवटा नामसम्म छन् । त्यसो त हिजो हामीले

माथि संघमा बसेर काम गर्दाखेरी पनि अब माग गर्छन्, निवेदन लिएर गयो, वडा छिटो भन्यो ४ नम्बर वडा राखेको ६ नम्बर पर्यो भने ती योजनाहरू कार्यान्वयन नभएका हाम्रा अनुभवहरू छन् विगतमा । अब तपाईंले यही वार्षिक कार्यक्रमको कार्यान्वयन गर्दा के हालत होला ? हेर्नुन तपाईं ७ हजार रूपैयाँ सम्म तपाईले वार्षिक कार्यक्रममा पैसा राखुभएको छ । यो त बालुवामा पानी हालेजस्तो यो बजेट तपाईंहरूलाई नै अब सरकारमा रहनु भयो भने, अब मंसिरपछि रहने तपाईंहरूको त सम्भवै छैन, किनभने यो त जनताले एनलाइसिस गर्लान् नि त । जनताले यस्तै चाहने हो भने फेरी निरन्तरता होला । नत्र ७ हजार रूपैयाँ राखेको छ किनरे, मन्त्रालयमा मन्त्रीले राम्रो इथिक्स राख्न सकेन, मन्त्रीले राम्रो बजेटमा निगरानी गरेन भने अनि अरुलाई पनि त्यहाँ लोभ पलाउँछ के । तपाईंले ७ हजार रूपैयाँ कार्यक्रम राखेपछि कार्यालय प्रमुखले जुनसुकै विकास योजानामा पनि २५ प्रतिशत सम्म सिधै तपाईले नसोधिकन हाम्रो आर्थिक नियमले दिन्छ । त्यो धेरै पैसा बालुवामा पानी हालेजस्तो रिजल्ट नै आउने, धेरै पैसा ईष्टिमेट गरेर त्यो कार्यान्वयन नै नहुने, त्यो तपाईंले भोलि जाँदाखेरी तपाईले समिति बनाउँदा खेरी पनि झगडा गर्ने यस्तो किस ीमको वार्षिक कार्यक्रमले तपाईंले मध्यमकाल िन खर्च संरचना मन्त्रीज्यूहरुको ध्यान कता गयो ? त्यो कुरा त मन्त्रालयको मन्त्रीले सचिवजिसंग बसेर हेरेर गर्ने कुरा यो त तपाईले कुनै पनि कुराले देखिदैन तपाईंको यी डकुमेन्टहरुले । अब यस्तो किसिमको ह्रीप, यस्तो किसिमको कमजोर, यस्तो किसिमको नालायक ी तपाईंहरूको प्रस्तुति सरकारबाट हुन्छ भन्ने हामीलाई लागेको थिएन, तर भयो अब के गर्ने ? हामीले त यो कुरा अब भन्ने नै हो। अब दिगो विकासको लक्ष्य पनि हामीले एचिभ गर्न सक्दैनौं । अब बजेट बनाउँदा तपाईले अब एउटा सिस्टम विधि प्रक्रियाबाट पनि गर्नु भएको छैन, तपाईंले मन्त्रालयमा बसेर निवेदन कलेक्सन गर्नुभएको छ, तिनै निवेदनहरू मन्त्रालयबाट वार्षिक कार्यक्रमको रूपमा पठाउनु भएको छ, कार्यालय प्रमुखहरूले अब मन्त्रालयबाट गएपछि भनेर अनि अर्थमन्त्रालयमा गएर तिनै राखिएको छ, ति सबै कुरालाई एक एक गरेर लाईनमा लाईनमा हेर्नुहोसु त कस्तो छ ? तपाईंले धेरै आमा समूहका भवनहरू, ठिक छ, आमा समूहक ो भवन पनि आवश्यक होला, हामीले त्यो सांसद विकास कोषबाट दिन सक्थ्यौं, स्थानीय तहबाट केही स्रोत साधन चन्दा सन्दा गर्न सक्थ्यौं । हामीले एउटा सडक जाँदाखेरी त्यहाँ जीवनमा कति परिवर्तन आउँछ भन्नुहोस् त ? त्यहाँको उत्पादन कति आउँछ ? त्यसले हामीले ३६ वटा निर्वाचन क्षेत्रमा बस्दाखेरी हिजो कुनै पार्टीको, पक्षको,

प्रतिपक्षको भनेर भयो त ? त्यसले हाम्रो गण्डकी प्रदेशमा एउटा हाम्रो अहिलेको यत्रो संकटमा पनि, यत्रो कोभिडमा पनि, यत्रो नाकावन्दीमा पनि, यत्रो विभिन्न समस्यामा पनि हामी आफै टेकिन सक्ने हिजो हामीले काम गरेर भएको होइन ? भन्नुस् त हिजो हामी पालिकाको केन्द्रसम्म सडक पुग्ने ग्यारेण्टी हुने थिएन भन्नुहोस् त । हिजो ती सडक जहाँ छोडेको ती सडक आज त्यहीं छन्, ती सडकले १ इन्च पनि बढ्न सकेको छैनन् । अब यो कार्यक्रमले झन् कसरी बढ्ला ? हिजो एउटा सर्वदलिय छलफलमा माननीय सदस्यहरुले यो कुरा उठाउनु भयो । निरन्तर सडकको कुरा छुटेछ त्यही भएर अनुसूची ल्याइयो भनेर भन्नुभयो । यसमा के छ भने, एउटा सडकको अनुसूची छुटेर निरन्तरता दिन ल्याउँदाखेरी यहाँ अरु यो सेतो कितावमा के—के छन् हेर्नोस् त तपाईंले पछाडि । एउटा सानो राम्रो कुराको निम्ति नराम्रो कुरासँगै छिराएर लिएर आएर यो नियतै खराव छ भन्ने कुरा यो सबै कुराले देखिन्छ । एक त वार्षिक कार्यक्रमलाई धेरै ध्यान दिएर यस्ता अनुसूची ल्याउने आर्थिक अनुशासनले दिंदै दिंदैन, आर्थिक नियमले दिंदै दिंदैन । एउटा मानौन हिजो एकजना माननीय सदस्यले उडाउँदै हुनुहुन्थ्यो के त्यहाँ भन्दै हुनुहुन्थ्यो यो बाउ आयो, यो छोरा आयो अब नाति पनि आयो आर्को पानो आएछ हिजो अब त्यो बाउ, छोरा, नाति जस्तो यो केटाकेटी खेल्या हो खेलाईचि हो यो ? तपाईंले सरकारलाई बजेट बनाउँनका लागि मन्त्रालयमा लामो सयमदेखि ढोका लगाएर बसेर तपाईं राम्रो गरेर ल्याएको भएत हामीले यसमा त कहाँ कमजोरी छ भनेर खोजि खोजि आलोचना गर्नु पर्ने हो नि त । यो छरपस्टै छ, यो हामीले आलोचना गरेको होइन, यी तपाईंहरूका डकुमेन्टले त्यो कुरा देखाउँछ कि देखाउँदैन माननीय मन्त्रीज्यूहरू, माननीय मुख्यमन्त्रीज्यू भन्नुहोस् त ? यो त तपाईंहरूले एउटैमा ल्याउन सक्नुहुन्थ्यो नि तपाईंको काम, ध्यान केन्द्रित भएर गरेको भएदेखि, यस्तो किसिमको लथालिंगे, एउटा धोती फुस्केको जस्तो हुने थिएन होला नि त सरकारको हालत त । अब यो यो न त तपाईंले भूगोललाई संवोधन गर्न सक्नुभएको छ, न तपाईंले जनसंख्यालाई संवोधन गर्न सक्नुभएको छ, न तपाईले पछाडि परेको वर्गलाई संवोधन गर्न सक्नुभएको छ, न तपाईंले अल्पसंख्यकलाई संवोधन गर्न सक्नु भएको छ, न तपाईले पिछडा वर्गलाई संवोधन गर्न सक्नुभएको छ न तपाईले दिगो विकासलाई पछ्याउन सक्नुभएको छ यो बजेटले त्यो कुरालाई कतै पनि पछ्याउन सकेको छैन, यो तपाईले देखिदै देखिदैन त्यो कुराहरू तर हामीले त हिजो संघियतामा यीनै कुराहरुलाई पछ्याउने भनेको हो नि त । हामीले बजेट बनाउँदाखेरी जनसंख्यालाई

आधार बनाउने, भूगोललाई आधार बनाउने, अल्पसंख्यकलाई आधार बनाउने, पिछडावर्गलाई आधार बनाउने, पहुँच नभएकालाई आधार बनाउने तपाईले तपाईले त्यो छ ? एउटै वाडमा ३५—३५ करोड जाँदाखेरी कुनै वाडमा पैसै छैन । तपाईले कसैले चोरेर ल्यायो भने पनि घरमा एउटा राम्रो अनुशासित बाबु रहेछ भने कसरी ल्याएको बाबु यो नले भन्छन्। तपाईंले यो पैसा लिएर जाँदाखेरी तपाई आफै मन्त्री हुने अनि आफ्नै वाडमा ३५ करोड रूपैयाँ लिएर जाँदाखेरी त्यहाँका जनताले बजेट ल्याइस भन्दा पनि कसरी ल्याइस् अन्तको भाग खोसेर ल्याइस् भनेर भोलि भन्ने बाटो सृजना नहोस् । त्यसरी आफै भाग लगाउन बस्ने, आफै पकाउन बस्ने आफै भान्से हुने अनि भसभस आफै खाने अनि कति शोभनिय हुन्छ भन्नुहोस् त ? माननीय मन्त्रीज्यूहरू आज यो सबै कुरा हेर्नोस् त, यो सबै कुराहरुलाई हामीले यो कुरालाई हेर्दाखेरी सबै कुरा लथालिंग मात्र देखिएको छ । अब हामीले अहिले निर्वाचन क्षेत्र विकास कार्यक्रम भनेर अर्थविविधबाट दिने भनेर अर्थमन्त्रीले भन्नुभयो । तपाईले अर्थविविधमा राखेको ऋण लिने कुरा गर्नुभएको छ । तपाईंले नेपाल सरकारसँग ऋण लिने, आन्तरिक स्रोतबाट ऋण उठाउने र अरु विभिन्न कारणबाट गर्ने भन्नुभएको छ । यही सेतो कितावमा राखेको पैसा तपाईले कहाँबाट यो २८ करोड कहाँबाट व्यवस्थापन गर्ने तपाईंको त्यो ग्यारेण्टी छैन । तपाईंले त्यो ऋण लिने कुरा पनि तपाईले ऋण लिने कानुनै बनेको छैन । ऋण तपाई आउँदैन, हिजो तपाई विगतको सरकारले परम्परा हामीले त्यो लिने गर्ने भनेर हामीले भन्दाभन्दै तपाईंले यसैलाई किन ३५ अरव बनाउनु परेको थियो ? तपाईंले त्यो तेत्तिसै अरबको तपाईले यो नसकि नसकि यति धेरै बढीको सिलिङ्ग बनाउन तपाईले खोज्नु भएको छ, अनि टुक्रे योजनाहरू, साना योजनाहरू तपाईले छर्न पनि खोज्नुभएको छ । तपाईले यो रिजल्ट अब यो त कस्तो भयो भने यो कोदो र तोरी मिसाएको जस्तै सरकार हो के यो । कोदो र तोरी उस्तै उस्तै देखिए पनि न यसबाट तेल आउँछ न यसलाई दलेर पिठो बनाएर ढिडो खान पाइन्छ ? यो कोदो खान पाईन्छ न तेल पनि नआउने अनि पिसेर पीठो पनि बनाउन नसक्ने अनि यसको परिणाम के हुन्छ ? यो मिल्दै नमिल्ने चिज एकै ठाउँमा यसको फरक प्रकृतिका र हेर्दा उस्तै देखिने बनाएको चिजको आउने परिणामै बनाउने यही हो, जनताले भोग्ने नै यही हो, जनताले देख्ने नै यही हो, यो सबै कुरा यही डकुमेण्टबाट देखिएकै छ । यो कोदो र तोरी मिसाएर जे रिजल्ट निकाल्न खोजिन्छ त्यो रिजल्ट अहिले गण्डकी प्रदेश सरकारमा छर्लङ्ग देखिएको छ । यो वार्षिक पुस्तिकामा छर्लङ्ग देखिएको छ । कहींनिर

गएर हेरेर एउटा आशा पलाउने होला भन्ने अब यो कसरी तपाईंहरूले यो कुराको पुस्टयाँई गर्नुहुन्छ ? कसरी यसको वार्षिक प्रगति निकाल्नुहुन्छ ? के यसलाई रिजल्ट निकाल्नु हुन्छ ? कसरी तपाईंले हिजो गरेका कामहरुलाई निरन्तरता दिनुहुन्छ ? यो दुर्भाग्य भयो । अब यो आलोचना गर्दाखेरी, तपाईंहरूले आफै महसुस गर्नुहोस् न, आफूले गरेको कामको आफूलाई एउटा सेटिस्फाई हुने हिसावले काम गर्ने हो, सरकार संचालन गर्ने हो । आज सामाजिक सञ्जालहरूमा आफ्नै पार्टीका नेताहरूले, आफ्नै पार्टीका कार्यकर्ताहरूले जे कुरा लेखिरहेका छन् त्यो हाम्रो लागि चुनौति होइन ? हाम्रो लागि लज्जाको विषय होइन ? अनि हामीले जे गरेका छौं नि अब यो ठिक छ अब त्यहाँ हुन्छ भनेपछि पास हुन्छ भन्ने ठान्छम् भने यो भन्दा ठूलो गल्ति प्रदेशको लागि दुर्भाग्य पनि केही हुँदैन । यो भन्दा ठुलो प्रदेशका (माननीय सभामुख-माननीय सदस्य समय सकियो) लागि नराम्रो पनि केही हुँदैन र यस्तो सरकार र यस्तो कार्यक्रम जीवनमा यो गण्डकी प्रदेशले कहिल्यै देख्न पर्ने छैन भन्दै मेरो भनाई यहीं अन्त गर्दछु । हस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो वैठक मिति २०७९ साल असार २७ गते विहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।